# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चिततताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या:०७५।७६
च.न.

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,
रघुगंगा गाउँपालिका, म्याग्दी ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट रघुगंगा गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४स्थानीय सरकार सञ्चालन ऐन, २०७४तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३७ लाख २४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.२५ लाख ४६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ लाख ६९ हजार र पेश्की रु.८ लाख ४४ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकिया सहितको प्रमाण कागजात पेश हुन नआएकाले समायोजन भै कायम भएका व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना (१२) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# रघुगंगा गाउपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । गण्डकी प्रदेशमा अवस्थित यो गाउपालीका अर्न्तगत ८ वडा रहेको, ४१ सभा सदस्य, ३७९ व.की.मी. क्षेत्रफल, १५७५३ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **५७५४१७०.८१** | १ | **चालु खर्च :** | | **१७९९७२७९६.४३** |
| | क) नगद | | | | वित्तीय समानीकरण | ३२७०७४०७.६३ | |
| | ख) बैंक | ५७५४१७०.८१ | | | सशर्त अनुदान | १०१०२४५८८.८० | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **१४४१५६८.००** | | सामाजिक सुरक्षा कार्यक्रम | ४४४६४८००.०० | |
| | क) आन्तरिक राजस्व | १४४१५६८.०० | | | स्थानिय शासन | ११४३०००.०० | |
| | ख) राजस्व बाँडफाँड | | | | गरिवसंग बिश्वेश्वर कार्यक्रम (चालु) | ४२९०००.०० | |
| | ग) अन्य आय | | | | पुल हेरालु | २०४०००.०० | |
| | | | | | समपुरक कोष | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | **२५४७३६०००.००** | २ | **पूँजीगत खर्च** | | **९४५७७१९२.३७** |
| | क)वित्तीय समानीकरण अनुदान | १५०८३१०००.०० | | | वित्तीय समानीकरण अनुदान | ९२९७७१९२.३७ | |
| | ख) सशर्त अनुदान | १०३९०५०००.०० | | | स्थानिय शासन | ६०००००.०० | |
| | ग) समपूरक अनुदान | | | | पर्यटन पूर्वाधार (पूजीगत) | १००००००.०० | |
| | घ) विशेष अनुदान | | | | | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | | | |
| | क)वित्तीय समानीकरण | | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| | ख) सशर्त अनुदान | | | | क) ऋण भुक्तानी | | |
| | ग) समपूरक अनुदान | | | | ख) ब्याज भुक्तानी | | |
| | घ) विशेष अनुदान | | | | ग) अन्य भुक्तानी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | ४ | **लगानी** | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | ऋण लगानी | | |
| | क) ऋण प्राप्ति | | | | शेयर लगानी | | |
| | ख) साँवा प्राप्ति | | | | अन्य लगानी | | |
| | ग) व्याज प्राप्ति | | | ५ | **धरौटी फिर्ता** | | |
| | घ) अन्य प्राप्ति | | | ६ | **शशर्त अनुदान को.ले.नि.का. फिर्ता** | | **६८६६६११.२०** |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | सशर्त अनुदान | २८८०४११.२० | |
| ८ | **जनसहभागिता (नगद)** | | | | सामाजिक सुरक्षा कार्यक्रम | ३७२६२००.०० | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | **५१५६७०००.००** | | स्थानिय शासन | ०.०० | |
| | सामाजिक सुरक्षा कार्यक्रम | ४८१९१०००.०० | | | गरिवसंग बिश्वेश्वर कार्यक्रम (चालु) | २६००००.०० | |
| | स्थानिय शासन (चालु) | ११४३०००.०० | | | | | |
| | स्थानिय शासन (पूजीगत) | ६०००००.०० | | | | | |
| | पर्यटन पूर्बाधार (पूजीगत) | १००००००.०० | | ७ | **मौज्दात** | | **२६४८९४३०.८१** |
| | गरिवसंग बिश्वेश्वर कार्यक्रम (चालु) | ४२९०००.०० | | | क) नगद मौज्दात | | |
| | पुल हेरालु | २०४०००.०० | | | ख) बैंक मौज्दात | २६४८९४३०.८१ | |
| | | | | ८ | **धरौटी मौज्दात** | | |
| १० | **धरौंटी आय** | | **०.००** | ९ | **कोष खर्च :** | | **५५९२७०८.००** |
| | गत बर्षको जिम्मेबारी | | | | बिपत र मर्मत सम्भार कोष | ५५९२७०८.०० | |
| | यस बर्षको आम्दानी | | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय :** | | **०.००** | | | | |
| | वडा कार्यालयबाट फिर्ता | | | | | | |
| | सामाजिक सुरक्षा फिर्ता | | | | | | |
| | **जम्मा** | | **३१३४९८७३८.८१** | | **जम्मा** | | **३१३४९८७३८.८१** |

## आन्तरिक राजस्व:

| क.सं. | राजस्व अनुमान रु. | असुली रु. | दाखिला रु. | बाँकि |
|---|---|---|---|---|
| | २००००००.०० | १४४१५६८.०० | १४४१५६८.०० | ०.०० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **हिसाब मिलान :** गरिवसंग बिश्वेश्वर कार्यक्रमतर्फ निकासा रु. ४२९०००।०० रहेकोमा खर्च रु. १६९०००।०० भई रु. २६००००।०० कोलेनिका फिर्ता भएको देखिन्छ । तर एकिकृत आर्थिक बिबरण बनाउदा खर्च रु. ४२९०००।०० नै देखाइएकोले कुल खर्च फरक परेको देखिन्छ । उक्त फरकको कारण पहिचान गरि हिसाब मिलान गर्नुपर्ने रु. | १६९०००.०० |
| २. | **वित्तिय जवाफदेहिता मूल्यांकन :** कार्यालयको व्यवस्थापकिय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रबाह र खरिद व्यबस्थापन/विकास निर्माणको क्षेत्रगत सूचकहरुको आधारमा कार्यालयको मूल्यांकन गर्दा कुल १०० पूर्णाङ्कमा A,B,C,D ग्रेडमध्ये यस कार्यालय C ग्रेडमा रहेको छ । कार्यालयले वित्तिय जवाफदेहिताका लागी अति उत्तम अंक हासिल गर्न A ग्रेड प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ। उक्त व्यवस्था अनुरुप अख्तियारी प्रदान गरेको पाइएन । | |
| ४. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । यस गाउपालिकाले २०७४ आषाढ ३१ मा बजेट प्रस्तुती र पारित गरेको पाइयो । उक्त व्यवस्था अनुरुप बजेट पेश गर्नेतर्फ ध्यान दिनु पर्दछ । | |
| ५. | **आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ ।आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :<br>क) कार्यक्रमगत खर्च खाता र योजनागत अभिलेख खाता आंशिक मात्र राखिएको छ । बजेटशिट तयार गरेको छैन । चालु, पूंजीगत, संचितकोषबाट निर्दिष्ट लेखा सिद्धान्त र नियमका आधारमा तत्तत् क्षेत्रहरुमा खर्च गर्नुपर्नेमा कतिपय खर्चहरुमा ख्याल गरेको पाइएन । साथै कार्यक्रमको प्रगती विवरण समेत तयार गरिएको छैन । यसले गर्दा बाडफाड गरिएका खर्चहरु सोहि शिर्षक, सीमा र कार्यक्रममा भए नभएको यकिन गर्न सक्ने अबस्था छैन<br>ख) पेस्कीको व्यक्तिगत खाता राखिएको भएपनि पूर्णरुपले राखेको छैन ।<br>ग) प्रतिष्पर्धा कायम गरि बोलपत्र एबं शिलबन्दी दरभाउपत्रबाट कार्य नगराइ सम्पूर्ण निर्माण कार्य उपभोक्ता समितीबाट कार्य भएको देखिन्छ ।<br>घ) गाउपालिका भित्रका योजना सम्भाव्यता अध्ययन बेगरनै गाउ परिषदले योजना छनौट गरि खर्च गरिएको छ । यसले गर्दा कुन कुन योजना प्राबिधिक रुपले अत्याबश्यक रहेको र लागत एबं प्रभाबकारी रहेको भन्ने स्थिती छैन ।<br>ङ) गाउपालिकाले वार्षिक खरिद योजना तयार गरेको छैन । साथै सार्वजनिक निकायले खरिद गर्न लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था रहेकोमा निर्माण बाहेकका अन्य कतिपय खरिद कार्यमा | |

| | | |
|---|---|---|
| | लागत अनुमान तयार  गरेको छैन ।<br>च) अन्तिम लेखापरीक्षण गर्नु पूर्व आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था भएको कार्यालयले आन्तरिक लेखापरीक्षण गराएको छैन ।<br>छ) बित्तिय समानीकरण अनुदान र सशर्त अनुदानतर्फको चालुखर्च र पूंजीगत शिर्षकको  उपशिर्षकगत रुपमा खर्च छुट्टीने विवरण लेखापरीक्षणको क्रममा पेश भएन ।<br>ज) भुक्तानी भएको छाप लगाई सम्पूर्ण कागजातमा खर्च प्रमाणित गर्नुपर्नेमा सो गरेको छैन । साथै सडक निर्माण कार्यतर्फ च्यानेज नं. कतिपयमा प्रस्ट उल्लेख गरेको छैन । कुन कुन च्यानेजमा कार्य भयो भन्ने स्पस्ट अभिलेख समेत राखेको छैन । साथै कार्य शूरु गर्नुपूर्व एबं समाप्ती पछि योजनाको स्थिती सम्बन्धमा होर्डिग बोर्ड राख्नुपर्नेमा आंशिक मात्र राखेको छ ।<br>झ) जिन्सितर्फ खप्ने सामानहरुको सहायक खाता राखेको छैन ।<br>ञ) मूल्य अभिबृद्धि कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाइ दिएको पाइएन ।<br>ट) निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा कतिपय योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । अत: योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ । | |
| ६. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम रघुगंगा गाउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । रघुगंगा गाउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ७. | **चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम  २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार बित्तिय समानीकरण पूंजीगततर्फ प्रथम चौमासिकमा १.९१ प्रतिशत, दोश्रो चौमासिकमा २२.०९ प्रतिशत र तेश्रो चौमासिकमा ७६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढमा ३६.७१ प्रतिशत खर्च देखिनुले आषाढ एबं बर्षान्तमा आएर खर्चको चाप वढेको देखिएकोले र यसले कामको गुणस्तरमा प्रभाव पार्ने हुदा सन्तुलित खर्च व्यवस्थापन गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ८. | **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकामा रहने कर्मचारी दरवन्दी ३६ रहेपनि पदपूर्ति १० रहेको देखियो । १ अधिकृत सहित २६ पद रिक्त रहेका छन । ति मध्ये ४ जना करारमा राखि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । | |
| ९. | **नक्शा पासः** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्शा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले नक्शा पास गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन । | |
| १०. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । म.ले.प.फा.नं.१०८,२३ र १० | |

समेत नभएकोले सो अनुसारका राजस्वका विवरण तयार गरेको छैन । सो को एकिन अंक खुलाई राजश्वको तेरिज वनाई प्रमाणित गरी बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । वडा नं. १,५ र ६ को नगदी रसिद लेखापरिक्षणको समयमा पेश हुन आएन ।

१०.१. तपशिलमा उल्लेखित वडाहरुको नगदि रसिदहरु परिक्षण गरिएकोमा निम्नानुसार कैफियत देखिएकोले गांउपालिकाबाट वडाहरुको नगदि रसिद रु २०,४६०।०० अशुलउपर गरि सचित कोषमा रकम जम्मा गर्नु पर्ने रु.

२०४६०.००

| सि.नं. | बिबरण | रसिद नं. | मालपोत रसिद | आम्दानी बाध्न छुट रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. ३ | १७५१ | | ५००।०० | |
| | वडा नं. ३ | १६०० | | १००।०० | |
| | वडा नं. ३ | १४९३ | | ४६००।०० | कम आम्दानी बाधेको |
| २ | वडा नं. ५ | | | ८३१०।०० | आम्दानी बाधेको तर बैंकमा जम्मा गर्न बाकी, |
| ३ | रघुगंङगा गा.पा | | | ६९५०।०० | आम्दानी बाधेको तर बैंकमा जम्मा गर्न बाकी, |
| | | | जम्मा | २०४६०।०० | |

११. **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

१२. **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले यस गाउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१३. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । यसबर्ष निर्माण व्यवसायीबाट कार्य नगरि सबै पूजीगत प्रकृतीका कार्यहरु उपभोक्ता समितीद्धारा गरिएको छ । योजना हस्तान्तरण नभएको तथा खर्च सार्वजनिक गरेको जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । उपभोक्ता समितीसंग सम्झौता गरिएपनि अधिकांश कार्यहरु ब्रेकर प्रयोग गरि पहरा फोर्ने र एक्जाभेटर प्रयोग गरेर मात्र कार्य गरिएकाले यस्ता जटिल प्रकृतीका कार्यहरुमा उपभोक्ता समिती आफैले कार्य गर्न नसकेको अबस्था छ । बिशेष प्रकृतीका डइग र डिजाइन गर्नुपर्ने, अनुभब प्राप्त दक्ष जनशक्तिको आबश्यकता पर्ने कार्य उपयुक्तता बेगरनै उपभोक्ता समितीले कार्य गरेको छ । कार्यालयले उपभोक्ता समितीसंग सम्झौता गर्ने र सो पश्चात उपभोक्ता समितीले निर्माण व्यवसायिसंग सम्झौता गरि कार्य गराएको पाइयो । यस्का उदाहरणहरु निम्नानुसार रहेका छन् ।

| भौं.नं. मिती | योजना तथा उपभोक्ता | एक्जाभेटर (ब्रेकर | निर्माण व्यवसायीलाई | उ.स.लाई भुक्तानी रु. | कर |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | समितीको नाम | सहित) | भुक्तानी - मूअकर सहित) | | |
| १२०/०७४-१२-२५ | दग्नाम दर्मिजा मोटरबाटो निर्माण उ.स. | टाकुरा विकास बिल्डर्स प्रा.लि. | ९६४३३३.७६ | ११,८३,०००.०० | ८५३३९.२७ |
| २४०/०७५-२-२९, ३७६/०७५-३-२८ | दग्नाम दर्मिजा मोटरबाटो निर्माण उ.स. | टाकुरा विकास बिल्डर्स प्रा.लि. | २०१०३१.३० | ७१८८९९९.०० | १७७९०.३८ |
| ७६/०७४-११-२८, २७९/०७५-३-६ | झोलुंगे पुल देखि वउग देउरालीसम्मको घोडेटो बाटो निर्माण उ.स. | | छैन | ३९६९६४२.०० | ०.०० |
| ४/०७४-८-१४, १९/०७४-९-२०, २३८/०७५-२-२३ | झि पाखापानी सडक स्तरउन्नती उ.स. | सम्मान कन्स्ट्रक्सन प्रा.लि. | ९९१०९०.०० | ३१८५०३४.१४ | ८७७०७.०८ |
| जम्मा | | | | | १९०८३६.७३ |

१४. **सामान खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) अनुसार निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समितिबाट लिन सकिने उल्लेख छ । मालसामान खरिदको उपभोक्ता समितीले गर्ने परिकल्पना नै खरिद ऐन र नियमाबलीले नगरेको अबस्थामा उपभोक्ता समितीसंग सम्झौता गरि उपभोक्ता समितीले मालसामान खरिद गर्ने गरेको पाइयो । तोकिएको सीमाभित्र रहि प्रतिस्पर्धा कायम गरि कार्यालय आफैले मालसामान खरिद नगरेकाले अनियमित देखिएको रु. १७२४१६३

| **भौं.नं. मिती** | **उ.स. को नाम** | **सामानको बिबरण** | **रु.** |
|---|---|---|---|
| ३९७/०७५-३-३१ | मौवाफाट क्लब बास्केटबल र भलिबल खरिद उ.स. | बास्केटबल पोल खरिद | ४५०००.०० |
| २६९/०७५-३-५ | पाखापानी दलित संजाल | फर्निचर | १३६५००.०० |
| २७७/०७५-३-६ | लक्षित बर्ग उत्थान उपभोक्ता समिती, अध्यक्ष पञ्चमाया पुन | फर्निचर | ३५४७७९.०० |
| ३५७/०७५-३-२४ | पाखापानी कोटगाउ बिद्युत शाखा बिस्तार उ.स. | सामान खरिद | ११८७८८४.०० |
| | | जम्मा | १७२४१६३ |

१५. **दोहोरो भुक्तानी** : गाउंकार्यपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार गांउपालिकाको सम्पूर्ण जनप्रतिनिधि सामुहिक अवलोकन भ्रमणमाा चालु शिर्षकमा भौं.नं. ३९४/२०७५।३।२८ बाट रु ३००००० खर्च लेखि पोखरा, वन्दीपुर र घान्द्रुक गएको देखिन्छ । अवलोकन भ्रमणका लागी गाउंपालिकाले अलग्गै चालु शिर्षकबाट खर्च लेखेको अबस्थामा गांउपालिकाको निम्नलिखित जनप्रतिनिधिले सोही समयमा पूजीगत शिर्षकबाट निम्नानुसार पोखरा, वन्दीपुर र घान्द्रुक अवलोकन भ्रमणमा गएको भनी दै.भ.भ भुक्तानी गरेकोले दोहोरो भुक्तानी रु. ८८,९५०।०० असुल गर्नुपर्ने रु. ८८९५०.००

| भौ.नं.मिति | नाम | भ्रमण गरेको स्थान | समय | रकम | खर्च लेखेको शिर्षक |
|---|---|---|---|---|---|
| १०८/ २०७५।३।८ | उपाध्यक्ष कमला तिलिजा | घानद्रुक, पोखरा, वन्दीपुर | २०७६।१।६– २०७५।१।११ | ८२००। | चालुतर्फ |
| ३८६/ २०७५।३।२८ | म.स. देवी कु शाही | ,, | ,, | ८७५०। | पूंजिगत |
| ३९४/ २०७५।३।२८ | व.अ. विल बहादुर फगामी | ,, | ,, | ८७५०। | ,, |
| ,, | व.अ. रुक व. गवुर्जा | ,, | ,, | ८७५०। | ,, |
| ,, | म.स.का.स. विष्णुमति पुन | ,, | ,, | ८७५०। | ,, |
| ,, | म.स.का.स. याम कु.घर्ती | ,, | ,, | ८७५०। | ,, |
| ,, | म.स.प्रिति गवुर्जा | ,, | ,, | ८७५०। | ,, |
| ,, | म.स.सविता दर्जि | ,, | ,, | ८७५०। | ,, |
| ,, | म.स.विष्णु कुमारी भण्डारी | ,, | ,, | ८७५०। | ,, |
| ,, | व.स. तिलक तिलिजा | ,, | ,, | ८७५०। | ,, |
| जम्मा | | | | ८८९५०। | |

१६. **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समूहको मागको आधारमा लक्षीत समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा रघुगंगा गाउपालीकाले निम्न खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखिएन । लक्षित समूह कार्यक्रम भनी गरिएका निम्न खर्चहरु चालु शिर्षक अन्तर्गत खर्च हुनुपर्नेमा पूंजीगत शिर्षकबाट गरिएकाले नियमसंगत समेत देखिएन ।

| भौं.नं. मिती | बिबरण | रु. | भुक्तानी प्राप्त गर्नेको नाम |
|---|---|---|---|
| ३६५/०७५-३-२६ | लक्षित बर्ग उत्थान कार्यक्रम भनेपनि भलिबल, बास्केटबल, स्टेशनरी, होटलको बिल लगायतमा खर्च | ९६०००.०० | मिलिजुली महिला समूह, रघु ८ की अध्यक्ष अगेन्द्र छत्याल |
| ३३७/०७५-३-२२ | जेष्ठ नागरिक, अपांगलाइ भत्ता बितरण | ५७६००.०० | लक्षित बर्ग उत्थान उ.स. |
| ४०२/०७५-३-३२ | ज्येष्ठ नागरिक, अपांगलाइ भत्ता बितरण, स्टेशनरी र खाजा खर्च | ९६०००.०० | वडा सचिब यज्ञ ब. कार्कीले पे.फ. गरि खर्च |

१७. **पूँजीगतबाट चालु खर्चः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । रघुगंगा गाउपालीकाको कार्यालयले यो वर्ष निम्नानुसार चालु खर्च पुजिगत वजेटमा समावेश गरि वजेट खर्च लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च नलेखेको रु. ६८१४६३.००

| भौं.नं. मिती | बिबरण | रु. |
|---|---|---|
| ४००/०७५-३-३१ | स्टेशनरी सामान तथा कम्प्यूटर मर्मत | ६००१०.०० |
| ३८६/०७५-३-२८ | भमण तथा अनुगमन खर्च | २००००२.०० |
| ३८५/०७५-३-२८ | भमण खर्च | १३२१४२.०० |
| ३३९/०७५-३-२२ | भ्रमण खर्च | १५५४००.०० |
| ३१०/०७५-३-१४ | बिद्युत महशुल, बिभिन्न चालु खर्च | ११९७५९.०० |
| २६४/०७५-३-४ | भ्रमण खर्च | १४१५०.०० |
| | जम्मा | ६८१,४६३.०० |

१८. **एक गाउ एक उत्पादन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) अनुसार निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समितिबाट लिन सकिने उल्लेख छ। कृषि सम्बन्धि कार्य उपभोक्ता समितीले गर्ने परिकल्पना नै खरिद ऐन र नियमाबलीले नगरेको अबस्थामा उपभोक्ता समितीले एक गाउ एक उत्पादन कार्यक्रम संचालन गरेको पाइयो । यस गाउपालिकामा सिमि, आलु याहाको स्थानियस्तरमा उत्पादन हुने खेती भएकोमा एक गाउ एक उत्पादन कार्यक्रममा समाबेश गरेको पाइयो । यस्तो बितरणमुखि कार्य भन्दा व्यवसायिक खेतीतर्फ ध्यान दिनुपर्दछ। साथै एक गाउ एक उत्पादन कार्यक्रम भनी गरिएका खर्चहरु चालु शिर्षक अन्तर्गत खर्च हुनुपर्नेमा पूंजीगत शिर्षकबाट गरिएकाले नियमसंगत देखिएन ।

| भौंनं मिती | समेटिएका प्रमुख क्षेत्रहरु | उपभोक्ता समितीको नाम | भुक्तानी रु. |
|---|---|---|---|
| ३४४/०७५-३-२४ | आलु सिमीको बिउ खरिद र बितरण सम्बन्धि कार्यक्रम | एक गाउ एक उत्पादन उपभोक्ता समिती, वडा नं. ४, बेग | ४८००००.०० |
| २६७/०७५-३-४ | आलु सिमी, अलैचीको बिउ खरिद र बितरण सम्बन्धि कार्यक्रम | रिखार कृषि समूह, रघु ८ | ४८००००.०० |
| २९९/०७५-३-१३ | सिमी खेती बितरण कार्यक्रम | सिमी खेती बितरण कार्यक्रम उ. स. | ४८००००.०० |

१९. **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

२०. **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउपालिकाले उक्त सफ्टवेयरमा लेखा राखेको देखिएन । सफ्टवेयरको विश्वसनियता परिक्षण गरी सम्वन्धित निकायवाट स्विकृति लिइ लेखा राख्नुपर्दछ ।

२१. **सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस गाउपालिकाले सार्बजनिक परीक्षण गरेको भनी केहि व्यक्तिहरुको उपस्थिती सहितको कागजात संलग्न गरेको भनिएपनि ऐन अनुरुपको सार्बजनिक परीक्षण नगरिएको र सार्वजनिक सुनुवाइ गरेको देखिएन ।

<table>
<tr><td>२२.</td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस गाउपालिकाले यो अनुसारको प्राथमिकिकरण नगरि समग्रमा योजना छनौट गरेको र योजनाहरु मूलत सडक निर्माणतर्फ केन्द्रित गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>२३.</td><td><u>पेश्की</u> – आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र यसै नियमाबलीको कार्यविधी अपनाइ पेस्की फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुबैको कर्तव्य हुने व्यवस्था छ । निम्न व्यक्ति तथा समितीलाई निम्न शिर्षकबाट पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले रु. ८,४४,०००।०० फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>सि. नं.</th><th>व्यक्ति/फर्मको नाम</th><th>पेस्कीको मिती</th><th>खर्च शिर्षक</th><th>पेश्की रकम</th></tr>
<tr><td>१</td><td>सार्बजनिक सुनवाइ पेस्की, वडा सचिब श्री यज्ञ बहादुर कार्की</td><td>२०७५-३-२६</td><td>समानीकरण चालु</td><td>१४४०००.००</td></tr>
<tr><td>२</td><td>रुइसे डाडादेखि आइसफलसम्म पदमार्ग निर्माण उ.स.</td><td>२०७५-३-२४</td><td>पर्यटन पूर्बाधार बिकास</td><td>७०००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>८४४,०००.००</td></tr>
</table>
(क) रुइसे डाडादेखि आइसफलसम्म पदमार्ग निर्माणका लागी यसबर्ष ब.उ.शि.नं. ३२५१०६४ पर्यटन पूर्बाधार बिकास कार्यक्रममा रु. १० लाख बजेट बिनियोजन भएको देखिन्छ । उक्त कामका लागी २०७५।२।३० मा उ.स.संग सम्झौता भइ प्रथम रनिङ बिल बापत भौं.नं. ३ मिती २०७५.३.२४ बाट रु. ३०००००।०० भुक्तानी दिइ रु.७०००००।०० पेस्की दिएको देखिन्छ । बर्षान्तमा आएर पेस्की दिने कार्यलाइ नियन्त्रण गर्नुपर्दछ ।</td><td>८४४०००.००</td></tr>
<tr><td>२४.</td><td><u>सामाजिक सुरक्षातर्फ :</u> वडा नं. १ र ५ को ३ किस्ताको नमुनाको परिक्षण गर्दा सामाजिक सुरक्षा भत्ता बितरण गरिसके पछि सार्वजनिक सुनुवाई गर्नु पर्नेमा सो गरेको देखिएन । साथै गाउपालिकाले भत्ता पाउने लाभग्राहिको नाम समावेश गरि भत्ता बितरण गरेको देखियो भने मृत्यु हुने र बसाई सराई गर्नेको लगत अध्याबधिक गरेको देखिएन । सामाजिक सुरक्षामा जेष्ठ नागरिक,जेष्ठ नागरिक अन्य बिधवा महिला, पूर्ण अपांग, अति अशक्त अपांग,औषधि उपचारको रकम बैंक नभएकोले वडा सचिव (वडा नं ३ बाहेक) मार्फत नगद भुक्तानी दिएको पाईयो । सामाजिक सुरक्षा भत्ताको बितरणको अभिलेखलाई आधुनिकीकरण गरि व्यवस्थित अभिलेख राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४.१.</td><td>सामाजिक सुरक्षा भत्ताको रकम बुझाईएका प्रमाण सम्लग्न नभएकोले रु ५५२००।०० को बुझेको प्रमाण पेश गर्ने अन्यथा अशुलउपर गरि राजश्व खातामा जम्मा गर्नु पर्ने रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>बिबरण</th><th>बर्ग</th><th>नामथर</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१०–२०७४।०८।२१</td><td>वडा नं. ५</td><td>बालबालिका प्रथम किस्ता</td><td>सि.नं.११,१२,२०,२६</td><td>१६००।००</td><td>४ जनाको बढि पे.फ.</td></tr>
<tr><td></td><td>वडा नं. १</td><td>पूर्ण अपाङ्ग दोश्रो किस्ता</td><td>सि.नं. श्री घन बहादुर गर्बुजा</td><td>२४००।००</td><td></td></tr>
</table></td><td>५५२००.००</td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | वडा नं. २ | बालबालिका दोश्रो किस्ता | सि.नं.३७ श्री ससि परियार | १६००।०० | | |
| | | वडा नं. ४ | एकल महिला तेश्रो किस्ता | सि.नं.१० श्री वर्ति कुमारी गर्बुजा | ४०००।०० | | |
| | | वडा नं. ५ | जेष्ठ नागरिक अन्य तेश्रो किस्ता | सि.नं.१० श्री सत्य देबि पुन | ८०००।०० | | |
| | | वडा नं. ५ | जेष्ठ नागरिक अन्य तेश्रो किस्ता | सि.नं.१० श्री भक्त बहादुर थंजालि | ८०००।०० | | |
| | | वडा नं. ८ | जेष्ठ नागरिक अन्य तेश्रो किस्ता | सि.नं.१७ श्री खन्तरी छन्त्याल | ८०००।०० | | |
| | | | | सि.नं.२२ श्री गब बहादुर छन्त्याल | ८०००।०० | | |
| | | वडा नं. ८ | जेष्ठ नागरिक अन्य तेश्रो किस्ता | सि.नं.९४ श्री थमन बहादुर छन्त्याल | ८०००।०० | | |
| | | वडा नं. ८ | बिधवा भत्ता तेश्रो किस्ता | सि.नं.९४ श्री रन कुमारी छन्त्याल | ४०००।०० | | |
| | | वडा नं. ८ | बालबालिका तेश्रो किस्ता | सि.नं.९४ श्री कबिता घर्ति | १६००।०० | | |
| | | जम्मा | | | ५५२००।०० | | |

| | | |
|---|---|---|
| २५. | स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धि ऐन २०७४ (२०७५।१।२४) ले स्थानिय तहका पदाधिकारी तथा सदस्यले निर्वाचित भई पदभार ग्रहण गरेको मिति देखि मासिक सेवा सुबिधा पाउने ब्यबस्था छ । गाउंपालिकाका अध्यक्ष , उपाध्यक्ष, सदस्य तथा गाउं सभा सदस्यको मासिक सुबिधा ३१,०००।, २६,०००। , १८,०००।, ९,०००।, र ६०००। तोकेको छ । संचार सुबिधा प्रति महिना १५००।, १०००।, ८००। का दरले गाउंपालिकाका अध्यक्ष , उपाध्यक्ष, सदस्य तथा गाउं सभा सदस्यलाई दिने ब्यबस्था छ । गाउंपालिका अध्यक्ष र उपाध्यक्ष सहित ४२ जनाले चाडपर्व खर्च समेत १२ महिनाको सुविधा रु ५३,४३,०००। र संचार सुबिधा रु.१,०६,८००। भुक्तानी लिएको देखिन्छ । | |
| २६. | **विशेष भत्ता :** आ.ब. २०७५।७६ को बजेट तर्जुमा एवं कार्यक्रम तयारी भनी अन्य भत्तामा भौं.नं. १६७/२०७५।०३।२७ बाट निम्न खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा स्पष्ट आधार एवं कार्यविधि विना भत्तामा खर्च लेखेकोले १२ जना कर्मचारीलाई भुक्तानी भएको रु. १,४१,१७५।०० अनियमित देखिएको रु. | १४११७५.०० |
| २७. | **स्थलगत निरीक्षण:** दग्नाम दर्मिजा मोटरबाटो निर्माण उ.स.ले सम्पन्न गरेको निम्नानुसारको दग्नाम दर्मिजा मोटरबाटो को केहि क्षेत्रको स्थलगत निरीक्षण गर्दा कडा चट्टान काटेर उपभोक्ता समितीले निर्माण गरेको पाइयो । यस्तो जटिल प्रकृतीको कार्य उपभोक्ता समितीले गरेको छ । यस्तो कार्य अनुभब र दक्षता प्राप्त निर्माण व्यवसायीबाट गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |



२८. **बेरुजू** - गाउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.३ लाख ५५ हजार, अनियमित बेरुजू रु.८ लाख २३ हजार,प्रमाण कागजात पेश गर्नुपर्ने बेरुजु रु.१लाख ६९हजार र पेश्की बाकी बेरुजु रु.८ लाख ४४ हजार कायम भएकोमा रु. १५ लाख ३३ हजार समायोजन भई रु.३७ लाख २४ हजार बेरुजू कायम भएको छ।

२९. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। गाउपालिकाले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C=A-B) |
|---|---|---|
| २९१००० | ० | ० |

३०. **अद्यावधिक बेरुजू स्थिति :** गाउपाालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (D) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| २९१००० | ० | ३७२४४११ | ४०१५४११ |

अनुसूची– १

## रघुगंगा गाउपालिका

### बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट/समायोजन | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | म्याग्दी | रघुगंगा गाउपालिका | २० | १० | ३७२४ | | | | २० | १० | ३७२४ | १६५ | २५४६ | १६९ | - | - | २७१६ | १४४ | ७०० | ८४४ |

अनुसूची- २

### स्थानीय तह सञ्चित कोष विवरण

२०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | म्याग्दी | रघुगंगा गाउपालिका | ५७५४ | १५०८३१ | १५५४७२ | १४४२ | ३०७७४५ | १७९९७३ | ९४५७७ | १२४५९ | २८७००९ | २६४९० |